आकाशवाणी समाचार

मुख्य समाचार।

- प्रधानमन्त्रीले **मेक इन इण्डिया** पहलका कारण भारत विनिर्माण शक्ति केन्द्र बनेको बताउनुभयो
- केन्द्रीय सूचना अनि प्रसारण मन्त्रीले आर्थिक विकासको चार स्तम्भको गर्नुभयो उल्लेख
- केन्द्रीय पंचायती राज मन्त्रीले भोली सबैको योजना सबैको विकासमा राष्ट्रीय कार्यशालाको गर्नुहुनेछ शुभारम्भ
- हरियाणामा जननायक जनता पार्टी र आजाद समाज पार्टी गठबन्धनले घोषणा पत्र **जन सेवा पत्र** गर्‍यो जारी ,अनि
- नेपाल गृहमन्त्रालयले बाढले अहिलेसम्म एक सय बत्तिस जनाको मृत्यु भएको गर्‍यो पुष्टी

**प्रधानमन्त्री-मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, **मेक इन इण्डिया** पहलका कारण भारत विनिर्माण शक्ति केन्द्र बनेको छ । उहाँले भन्नुभयो, यो अभियानले निर्धन अनि मध्यम वर्ग तथा सूक्ष्म, लघु र मध्यम उद्यमलाई धेरै फाइदा भएको छ । यो अभियानले प्रत्येक वर्गका मानिसलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर मिलेको छ। आज आकाशवाणीले **मन की बात** कार्यक्रमको एक सय चौधौं **प्रकरणमा** प्रधानमन्त्रीले **मेक इन इण्डिया** पहलको सफलतालाई रेखाङ्कित गर्नुभयो। उहाँले भन्नुभयो , यो अभियानको सफलतामा देशका ठूला उद्योगीहरूका साथ-साथै साना दुकानेहरूको योगदान पनि शामेल छ जिसले प्रत्येक सेक्टरलाई लाभ भएको छ, निर्यात ठूलो छ र प्रत्यक्ष विदेशी निवेश आकर्षित भएको छ । श्री मोदीले भन्नुभयो , सरकारले उत्पादको गुणवत्तामा ध्यान दिरहेको छ र **भोकल फर लोकललाई महत्व** दिरहेको छ। महाराष्ट्रको **भण्डारा** जिल्लाको उदाहरण

दिँदै प्रधानमन्त्रीले भन्नुभयो, उहाँले पचासौं -सहायता समूह **तसर सिल्कको** संरक्षणका लागि काम गरिरहनुभएको छ, यो मेक इन इण्डियाको मूल भावनाको प्रतीक हो। प्रधानमन्त्रीले जनतालाई आउँदैगरेको तिहारमा देशमा बनेको उत्पाद किन्ने आग्रह गर्नुभयो।

## सूचना र प्रसारण-सङ्कल्प

केन्द्रीय सूचना अनि प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभएको छ, भारतको वित्तीय स्थिति विश्वमा सबै देशको तुलनामा सबैभन्दा बलियो छ। आज नयाँ दिल्लीमा संकल्प न्यास प्रतिष्ठान द्वारा आयोजित व्याख्यान श्रृंखलाको दसौं संस्करणको सत्रलाई सम्बोधन गर्दै श्री वैष्णवले भन्नुभयो, अन्य देशको तुलनामा भारतमा उच्च वृद्धि अनि मुद्रास्फीतिको निम्न दर छ। श्री वैष्णवले आर्थिक विकासको चार स्तम्भको पनि उल्लेख गर्नुभयो। यो चार स्तम्भ हो- बुनियादी ढाँचामा निवेश, समावेशी विकास, विनिर्माण र कानूनको सरलीकरण।

## पंचायती राज कार्यशाला

केन्द्रीय पंचायती राज मन्त्री श्री **राजीव रंजन सिंहले** भोली नयाँ दिल्लीमा सबैको योजना सबैको विकासमा राष्ट्रीय कार्यशालाको शुभारम्भ गर्नुहुनेछ। यो कार्यशालाको उद्देश्य पंचायत विकासको प्रभावी योजनाको तयारीका लागि कर्मचारीहरू, निर्वाचित प्रतिनिधीहरू र अन्य हितधारकहरूलाई आवश्यक कौशल अनि रणनीतिलाई सक्षम बनाउनु हो। कार्यशालामा विभिन्न केन्द्रीय मन्त्रालय, राज्य विभाग, प्रशिक्षण संस्थानका फ्याकल्टी सदस्य अनि पंचायतका निर्वाचित प्रतिनिधीका साथ सर्वोतम अनुभव साझा गरिनेछ। यसै अवसरमा वित्तीय वर्ष दुई हजार पचीस – छबीसका लागि पंचायत विकास योजनाको तयारीसंग सम्बन्धीत पुस्तिका र राष्ट्रीय ग्राम स्वराज अभियानको वार्षिक कार्य योजना रिपोर्ट जारी गरिनेछ।

## हरियाणा घोषणा पत्र

हरियाणामा जननायक जनता पार्टी र आजाद समाज पार्टी गठबन्धनले आज सिर सामा आफ्नो घोषणा पत्र **जन सेवा पत्र** जारी गऱ्यो । यो घोषणा पत्र पूर्व उप-मुख्यमन्त्री श्री  दुष्यन्त चौटाला र आजाद समाज पार्टीका  प्रमुख श्री चन्द्रशेखर आजादले संयुक्त रूपले जारी गर्नुभयो। यो अवसरमा श्री दुष्यन्त चौटालाले पछिलो गठबन्धन सरकारमा जननायक जनता पार्टी द्वारा गरिएको विकास कार्यको उल्लेख  गर्नुभयो। आफ्नो घोषणा पत्रका माध्यमद्वारा, उहाँको सरकारले  हरियाणामा प्रत्येक फसललाई न्यूनतम समर्थन मूल्यमा किन्नेछ  भन्ने बचन दिनुभयो । उहाँले भन्नुभयो , फसलको नोकसान भएको खण्डमा किसानलाई पचिस हजार रुपियाँ प्रति एकडको क्षतिपूर्ति दिइनेछ । घोषणा पत्र  अनुसार किसानका लागि **जननायक फसल संरक्षण योजना** शुरू गरिनेछ र बेरोजगारलाई प्रति महिना एघार  हजार रुपियाँ दिइनेछ । पत्रमा भनिएको छ, अग्निवीर योद्धाका लागि उच्च  शिक्षाको व्यवस्था गरिनेछ  र एक लाख महिलाहरूलाई  नोकरी दिइनेछ ।

## जम्मू कश्मीर समीक्षा बैठक

कश्मीर जोनका पुलिस महानिरीक्षक **श्री  वी. के. बिर्दीको** अध्यक्षतामा एउटा बैठक भयो जसमा क्षेत्रमा कानून – व्यवस्थाको स्थितिको समीक्षा गरियो । पुलिस महानिरीक्षकले अधिकारीसंग कुनै पनि अप्रिय घटनासंग जुझ्नका लागि तयार रहने र लगातार हेरचाह गर्ने निर्देश दिनुभयो । उहाँले जिल्लाका वरिष्ठ पुलिस अधीक्षक र साइबर सेल साथै आई.टी अनि सोशल मीडिया सेललाई सोशल मीडिया पोस्टमा जाने सामग्रीको देखरेख गर्ने अनि अफवाह फैलाउने मानिसमा पनि नजर राख्न भन्नुभयो ।

**पीयूष -पीएलआई लाभार्थी**

वाणिज्य अनि उद्योग मन्त्री श्री पीयूष गोयलले भन्नुभयो, **ब्रान्ड इण्डिया मेक इन इंडिया** जतीकै महत्वपूर्ण छ। उहाँले भन्नुभयो , भारतमा निर्मित उत्पादलाई विश्वमा राम्रो गुणवत्ता भएको उत्पाद मानिनु पर्छ। श्री गोयलले नयाँ दिल्लीमा उत्पादनसंग जोड़िएको प्रोत्साहन-**पी.एल.आई** योजनाको लाभार्थी कम्पनीका मुख्य कार्यकारी अधिकारीसीत भएको बातचीतमा उहाँले पी.एल.आई योजनाद्वारा सतत र विश्वस्तरीय गुणवत्ताको उत्पाद तर्फ बढ़ाउनु पर्छ भन्नुभयो । वाणिज्य मन्त्रीले पी.एल.आई द्वारा निवेश र रोजगार सृजनाका लागि मुख्य कार्यकारी अधिकारीहरूको सराहना पनि गर्नुभयो । उहाँले भन्नुभयो , केही क्षेत्रमा आयातमा बढ्दो निर्भरता प्रति उत्पादनसंग जोड़ीएको प्रोत्साहन-पी.एल.आई योजना सरकारको पहल हो।

**रिजिजू-विश्व हृदय दिवस**

आज विश्वले विश्व हृदय दिवस मनाइरहेको छ। हरेक साल उन्तीस सितम्बरमा हृदय रोग बारे जागरूकता बढ़ाउन र विश्व स्तरमा हृदय स्वास्थ्यलाई बढ़ावा दिन यो दिवस मनाइन्छ। यो वर्षको थीम छ - **यूज हार्ट फर एक्शन।**

यसै अवसरमा केन्द्रीय अल्पसंख्यक र संसदीय कार्य मन्त्री श्री किरेन रिजिजूले नयाँ दिल्लीमा इण्डिया गेटबाट भारत मण्डपम सम्म तीन किलोमीटरको मेराथनलाई हरियो झण्डा देखाउनुभयो । उहाँले जनतालाई शुभकामना दिनुभयो अनि हृदय स्वास्थ्यलाई बढ़ावा दिन आग्रह पनि गर्नुभयो ।

## 14 नेपाल बाढ़ स्थिति

नेपालको गृहमन्त्रालयले देशमा बाढ़ अनि पहिरो जस्तो प्राकृतिक आपदाले अहिलेसम्म एक सय बत्तिस जना मानिसको मृत्यु भएको पुष्टी गरेको छ । मन्त्रालयले भनेको छ , काठमाण्डू घाटीमा यो आपदाले अठसट्ठी जनाको मृत्यु भएको छ भने , बागमती क्षेत्रमा पैँतालीस जना, कोसी क्षेत्रमा सत्र जना ,मधेश प्रदेशमा दुई जनाको मृत्यु भएको छ। चौसट्ठी जना लापता छन् भने एकसट्ठी जना घाइते भएका छन्। नेपाल सशस्त्र बलले अहिले सम्म तीन हजार छ सय छबिस जनालाई सुरक्षित बचाएको छ । कवरे पालनचोक क्षेत्रको विभिन्न स्थानबाट एक सय त्रिरानब्बे जनालाई सैनिक हेलिकप्टरको सहयोगले सुरक्षित स्थानमा पुराइएको छ ।

मुख्यसमाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले **मेक इन इण्डिया** पहलका कारण भारत विनिर्माण शक्ति केन्द्र बनेको बताउनुभयो
- केन्द्रीय सूचना अनि प्रसारण मन्त्रीले आर्थिक विकासको चार स्तम्भको गर्नुभयो उल्लेख
- केन्द्रीय पंचायती राज मन्त्रीले भोली सबैको योजना सबैको विकासमा राष्ट्रीय कार्यशालाको गर्नुहुनेछ शुभारम्भ
- हरियाणामा जननायक जनता पार्टी र आजाद समाज पार्टी गठबन्धनले घोषणा पत्र **जन सेवा पत्र** गऱ्यो जारी
- नेपाल गृहमन्त्रालयले बाढले अहिलेसम्म एक सय बत्तिस जनाको मृत्यु भएको गऱ्यो पुष्टी

**आकाशवाणीबाट सुन्दैहुनुहुनथ्यो समाचार पूरा भयो।**